फोन ०८३-५२०१४४
५२१३९३, ५२०७५०

# वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## वीरेन्द्रनगर, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल ।

मिति :-२०७७/०१/११

**विषय:- दररेट पेश गर्ने बारेको सूचना ।**

हाल विश्वमा फैलिरहेको कोरोना भाइरस (COVID 19) को महामारीबाट बच्नका लागि नेपाल सरकारले लागु गरेको बन्दाबन्दी (Lock Down) बाट प्रभावित नगरवासीहरूकालागि राहात वितरण गर्नु पर्ने भएको हुदा यस नगरपालिका कार्यालय मार्फत निम्न खाद्य सामाग्रीहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ बमोजिम विशेष अवस्थामा खरिद गर्नु पर्ने भएको हुंदा तपशिलमा उल्लेख भएको अधिकतम दर रेटमा नबढ्ने गरी गोप्य सिलबन्दी दररेट यो सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिन (२०७७/०१/१४ गते आईतबार १२:०० बजे) भित्र यस कार्यालयमा तपशिल बमोजिमका शर्तहरु पालना गरी पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपशिल:**

१. दाल (मास/मसुरो/सिमी): अधिकतम मूल्य रु १२० (एकसय बीस) प्रति किलोग्रामलाई आधार मानी दर/रेट पेश गर्नु पर्ने ।
२. खाने तेल: अधिकतम मूल्य रु ८३ (तीरासी) प्रति ५०० एम.एल. को पोकालाई आधार मानी दर/रेट पेश गर्नु पर्नेछ, दररेट पेश गर्दा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ र अंक र अक्षरमा दररेट फरक पर्न गएमा अक्षमा उल्लेख भएको रेट मान्य हुनेछ ।
३. मूल्य सूचि प्रस्ताव निवेदन संग कानुन बमोजिम दर्ता भएको फर्म दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर/पाना नं दर्ता प्रमाण पत्रको प्रतिलिपि समेत सलग्न हुनु पर्नेछ ।
४. उपलब्ध गराउने सामाग्रीको मौजदात समेत उल्लेख गर्नु पर्ने ।
५. कार्यालयबाट माग भएको परिमाणको खाद्य सामाग्री ३ (तीन) दिन भित्र उपलब्ध गराउनु पर्नेछ ।

<u>नोट:</u> पेश भएका मूल्य दर बराबरी भएमा १ के.जि. र २ के.जि. को प्याकेजिङ्ग गरी उपलब्ध गराउने फर्मलाई प्राथमिकता दिईनेछ साथै कार्यालय शनिबार समेत खुला रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
१. श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल काठमाण्डौ ।
२. श्री सूचना प्रविधि उप-शाखा: नगरपालिका कार्यालयको **Website** मा **Upload** गरिदिनु हुन ।

Scanned with CamScanner